# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, मंसीर ११ गते, २०७६ साल (अतिरिक्ताङ्क ४८

# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६ मिति २०७६।०७।२६ गते प्रदेश सरकार (म.प.) बाट स्वीकृत भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६

**प्रस्तावना:** प्रदेशको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने आधुनिक एवं उच्च प्रतिफलयुक्त पूर्वाधार आयोजनाहरुलाई छिटो, छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा सार्वजनिक, नीजि र बाह्य लगानीकर्तालाई समेत पूर्वाधार विकासमा परिचालन गर्न पूर्वाधार विकास प्राधिकरणको स्थापना गरी संचालन गर्नुपर्ने भएकाले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "**कार्यकारी अधिकृत**" भन्नाले दफा ७ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ख) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "**प्रदेश**" भन्नाले प्रदेश नं. ५ सम्झनु पर्छ ।

(घ) "**प्राधिकरण**" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश पूर्वाधार विकास प्राधिकरण सम्झनु पर्छ ।

(ङ) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(च) "**समिति**" भन्नाले दफा ५ बमोजिम गठित संचालक समिति सम्झनु पर्छ ।

३. **<u>प्राधिकरणको स्थापनाः</u>** प्रदेश भित्रका पूर्वाधारसम्बन्धी विशेष आयोजनाहरुको पहिचान, विकास र कार्यान्वयन गरी प्रदेशको समग्र विकासमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यले प्रदेश सरकारले एक प्रदेश पूर्वाधार विकास प्राधिकरण स्थापना गर्नेछ ।

४. **<u>संगठित संस्था हुनेः</u>** (१) दफा ३ बमोजिम स्थापित प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्राधिकरण उपर पनि सोही नाममा नालिस उजुर लाग्न सक्नेछ ।

५. **<u>संचालक समितिको गठनः</u>** (१) प्रदेश पूर्वाधार विकास प्राधिकरणको काम कारवाहीको संचालन र व्यवस्थापनका लागि एक संचालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम पदाधिकारी र सदस्य रहनेछन्ः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय - सह-अध्यक्ष

(ग) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय - उपाध्यक्ष

(घ) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) सचिव, सम्बन्धित परियोजनासँग सम्बन्धित मन्त्रालय - सदस्य

(ज) प्रदेश योजना आयोगका पूर्वाधार हेर्ने सदस्य - सदस्य

(झ) कम्तिमा १ जना महिला सहित प्रदेश सरकारबाट नियुक्त २ जना पूर्वाधारविद् - सदस्य

(ञ) प्रमुख कार्यकारी अधिकृत - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त सदस्यको पुनः नियुक्ति हुन सक्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम नियुक्त सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा त्यस्तो सदस्यलाई प्रदेश सरकारले जुनसुकै समयमा हटाउन सक्नेछ ।

६. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।समितिको सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सहअध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिले आवश्यकता अनुसार नेपाल सरकारका अधिकृत, नेपालमा रहेका वा नेपाल बाहिर रहेका पूर्वाधार विकास सम्बन्धी विषयका विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>**प्रमुख कार्यकारी अधिकृतको नियुक्ति तथा सेवाका शर्तः**</u> (१) प्रदेश सरकारले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासनिक पदाधिकारी हुनेछ ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधी नियुक्ति भएको मितिले चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(४) प्रमुख कार्यकारी अधिकृतले नियुक्ति भएको तीस दिन भित्र प्रदेश सरकारसँग कार्य सम्पादन सम्झौता गर्नुपर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधीमा सम्पन्न गर्नुपर्ने कार्यहरुको विवरण समेत उल्लेख हुनेछ।

(५) प्रमुख कार्यकारी अधिकृतको काम सन्तोषजनक नभएमा प्रदेश सरकारले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) प्राधिकरणको काम, कारबाही तथा कार्य प्रगतिका लागि प्रमुख कार्यकारी अधिकृत प्रदेश सरकारप्रति जवाफदेही हुनेछ ।

(७) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

८. **प्रमुख कार्यकारी अधिकृत तथा सदस्यको योग्यता तथा पद रिक्त हुने अवस्थाः**
(१) देहायको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई प्राधिकरणको सदस्य पदमा नियुक्ति गर्न सकिनेछः-

(क) ५५ वर्ष उमेर ननाघेको,

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक निजि साझेदारी, दिगो विकास,ईन्जियरिङ, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको ।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

(२) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृत तथा सदस्यको पद स्वतः रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१)बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा ।

(३) उपदफा (२) बमोजिम कुनै सदस्य वा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएमा सो पदमा अर्को व्यक्तिको नियुक्ति हुन सक्नेछ।

९. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u>** (१) यस आदेशमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशका विशेष प्राथमिकताका पूर्वाधार आयोजना छनौट गरी सूचिकृत गर्ने,

(ख) प्रदेश भित्रका पूर्वाधार विकास आयोजनाको पहिचान गरी तिनीहरुको सम्भाव्यता अध्ययन गर्ने वा गराउने र त्यस्तो आयोजना निर्माण वा विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने वा गराउने,

(ग) परियोजना निर्माण वा संचालनका लागि आवश्यक जग्गा खरिद वा जग्गा प्राप्त गर्न प्रदेश सरकारसँग समन्वय गर्ने लगायत अन्य आवश्यक कार्य गर्ने,

(घ) प्रदेशका क्षेत्रगत पूर्वाधार आयोजनाहरुको गुरुयोजना तयार गर्ने, गराउने,

(ङ) परियोजना निर्माण वा विकास गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(च) प्रदेश भित्र कुनै क्षेत्रलाई भू-उपयोग योजना बनाई सो अनुरुप पूर्वाधार र अन्य निर्माणका लागि मापदण्ड र विधी निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(छ) धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण सम्पदाहरुको संरक्षण गर्दै तिनीहरुको विकासका लागि आवश्यक परियोजना बनाई संचालन गर्ने,

(ज) प्राकृतिक र वातावरणीय दृष्टिले संवेदनशील क्षेत्रहरुको संरक्षण गरी प्राकृतिक सम्पदाहरुमा प्रतिकुल प्रभाव नपर्ने सुनिश्चितता सहित प्राकृतिक सम्पदाको उपयोग गर्ने, गराउने,

(झ) प्रदेश भित्र कुनै स्थानमा ल्याण्ड पुलिङ्ग गरी पूर्वाधार युक्त नँया शहर वा वस्ती विकास गर्ने,

(ञ) पूर्वाधार विकासका लागि आवश्यक निर्माण सामग्री उत्खनन गरी विक्री, वितरणका लागि आवश्यक व्यवस्था गर्ने ।

(ट) प्राधिकरणको पूर्ण, वहुमत वा आंशिक स्वामित्वको कम्पनी मार्फत कुनै परियोजना निर्माण र संचालन गर्ने,

(ठ) प्राधिकरणले छनौट गरेका आयोजनाको लागि नीजि, सार्वजनिक वा विदेशी लगानीको व्यवस्था गर्ने,

(ड) प्राधिकरणलाई आवश्यक पर्ने स्वदेशी वा विदेशी अनुसन्धानकर्ता, विज्ञ वा प्राविधिकहरुको सूचि तयार गर्ने,

(ढ) प्राधिकरणको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ण) प्रचलित कानून बमोजिम सार्वजनिक खरिदका लागि निर्माण, उपकरण तथा अन्य सामग्री र परामर्श सेवासम्बन्धी बोलपत्र आव्हान गर्ने,

(त) प्राधिकरणले गर्ने निर्माण कार्य गराउने, सामग्री खरिद गर्ने, परामर्शदाताको सेवा लिने तथा आवश्यक कर्मचारी नियुक्त गर्ने,

(थ) प्राधिकरणको कामसँग सम्बन्धित अन्य विषयमा प्रदेश सरकार, जनप्रतिनिधि, स्थानीय तह, नागरिक समाज तथा अन्य सरोकारवालाहरुसँग परामर्श र समन्वय गर्ने,

(द) आवश्यकता अनुसार पूर्वाधार विकासका सम्बन्धमा सेमिनार, गोष्ठी, कार्यशाला, प्रदर्शनी, सम्मेलन आदि सञ्चालन गर्ने,

१०. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको प्रमुख कार्यकारी पदाधिकारीको हैसियतले प्राधिकरणको समग्र व्यवस्थापन, सञ्चालन गर्ने वा गराउने,

(ख) प्राधिकरणको संगठन स्थापना गर्न कार्ययोजना बनाइ स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको संचालन सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) प्रचलित कानूनी प्रक्रिया पूरा गरी स्वदेशी तथा विदेशी संघ, संस्थासँग सम्पर्क राख्ने र सम्झौता वा समझदारीको ढाँचा तयार गर्ने,

(ङ) कार्यालय प्रमुखको हैसियतले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्ने,

(च) प्राधिकरणको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(छ) समितिले अधिकार प्रत्यायोजन गरी तोकेका अन्य काम गर्ने वा गराउने ।

११. **<u>मानवस्रोत व्यवस्थापनः</u>** (१) प्राधिकरणको कार्य सम्पादनको लागि प्राधिकरणमा प्रदेश सरकारले स्वीकृत गरेको आवश्यक संङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणमा रहने कर्मचारीको पद र सङ्ख्या प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमका कर्मचारीहरु प्राधिकरणले निर्धारण गरे बमोजिम निश्चित अवधिका लागि आवधिक करारमा नियुक्ति हुनेछन् र निजहरुको काम सन्तोषजनक देखिएमा करारको अवधि थप गर्न सकिनेछ।

(४) यस दफा बमोजिमका कर्मचारी वा विज्ञको नियुक्ति, पारिश्रमिक, सेवाका शर्तहरु तथा सुविधा प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्राधिकरणलाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ ।

१२. **प्राधिकरणको कोषः** (१) प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम ।

(घ) प्राधिकरणले आर्जन वा प्राप्त गर्ने अन्य रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्राधिकरणले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) प्राधिकरणको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनै बैंकमा प्राधिकरणको नाममा खाता खोली जम्मा गरिनेछ।

(४) प्राधिकरणको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्राधिकरणलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(६) प्राधिकरणको कोषको खाता प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको प्राधिकरणको कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(७) प्राधिकरणको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) प्राधिकरणको आय व्ययको लेखा महालेखा परीक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) प्राधिकरणले प्रदेश सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) प्राधिकरणको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) प्रदेश सरकारले प्राधिकरणको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१४. **<u>उपसमिति वा कार्यदल गठन गर्न सक्नेः</u>** (१) प्राधिकरणले आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **बैठक भत्ता तथा अन्य सुविधा:**समितिका सदस्यले प्राधिकरणको बैठकमा भाग लिएवापत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यिता सम्बन्धी निर्देशिका, २०७५ मा तोकिए बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

१६. **प्राधिकरणको कार्यालय:** (१) प्राधिकरणको कार्यालय प्रदेशको राजधानी रहेको जिल्लामा रहनेछ।

(२) प्राधिकरणले आवश्यकता अनुसार परियोजना कार्यालय स्थापना गर्न सक्नेछ ।

१७. **अधिकार प्रत्यायोजन:** (१) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृतले आफूमा अन्तर्निहित कुनै अधिकार प्राधिकरणका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **वार्षिक प्रतिवेदन पेश गर्ने:** (१) प्राधिकरणले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणको वार्षिक नीति, योजना र प्राधिकरणबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र प्राधिकरणबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्रदेश सरकार आफैंले वा प्रदेश सरकारको निर्देशनमा प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ ।

१९. **प्रदेशसरकारसँग सम्पर्कः** प्राधिकरणले प्रदेशसरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२०. **सपथ ग्रहणः** दफा ५ को उपदफा (१) को खण्ड (ञ) को प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ ।

२१. **विनियम बनाउने अधिकारः** यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम प्रदेश सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२२. **प्राधिकरणको विघटनः** (१) प्रदेश सरकारले चाहेमा कुनै पनि बेला प्राधिकरणको विघटन गर्न सक्नेछ ।

(२) विघटन भएमा प्राधिकरणको सम्पत्ति र दायित्व प्रदेश सरकारमा सर्नेछ ।

**अनुसूची**

**(दफा २० संग सम्बन्धित)**

म------------ ईश्वरको नाममा/ सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु की प्रदेश पूर्वाधार विकास प्राधिकरणको -------------------पदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमान्दारिताका साथ गर्नेछु ।आफ्नो पदिय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा वहाल रहँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाटपनि प्रकट गर्ने छैन ।

मितिः-

नामः-

दस्तखतः-

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय